# नागरिक प्रथम अभियान

## People First Movemen

प्रेस-वक्तव्य

मितिः २०८१ चैत्र २१ गते ।

चैत्र १५ तीनकुने घटनामा राजावादी र सत्ताधारी दल दुबै जिम्मेबार, निष्पक्ष न्यायिक छानविन होस्

१. देशको विद्यमान अस्थिर र अन्योलपूर्ण राजनीतिक स्थिति, निरासापूर्ण राष्ट्रिय परिवेश, नेपाली कांग्रेस-नेकपा (एमाले) गठबन्धन सरकारको गतिहिनता, संसदमा प्रतिनिधित्व गर्ने सत्तारुढ र विपक्षी दलहरुको व्यवहार तथा सडकमा भइरहेका कथित राजावादी प्रदर्शनबाट उत्पन्न जटिलता, संकट र अन्यौलले हामीलाई चिन्तित तुल्याएको छ ।

आम नागरिकको जीवनलाई सहज र समुन्नति उन्मुख बनाउन सबैले आआफ्नो ठाउँबाट जिम्मेबार भूमिका निर्वाह गर्नु पर्नेमा राजनीतिक दलहरु स्वयं पूर्वाग्रहपूर्ण र स्वार्थप्रेरित तनाव बढाउने, आर्थिक, सामाजिक, प्रशासनिक, भूराजनीतिक तथा सामारिक संकट विस्तार गर्ने, राष्ट्रलाई दिशाहीन बनाएर धमिलो पानीमा माछा मार्न खोज्ने जस्ता प्रयासमा उद्यत देखिन्छन्, जो निक्कै खेदजनक र निन्दनीय अवस्था हो ।

यस्ता क्रियाकलापले नागरिकमा निरासा र असन्तुष्टि थप बढाउने, संघीय लोकतान्त्रिक गणतन्त्रप्रति नै शंका र अविश्वास सृजना गर्ने र देशलाई असफलतातिर धकेल्ने निश्चित छ । यस्ता घटनाहरु अबिलम्ब रोक्न र जिम्मेवार राजनीति गर्न सम्बन्धित सबैलाई सचेत गराउछौं ।

२. यसै सन्दर्भमा, गत चैत्र १५ गते काठमाण्डौंको तीनकुने र आसपासको क्षेत्रमा कथित राजावादी प्रदर्शनको क्रममा भएको हिंसा, तोडफोड, आगजनी र लुटपाटका घटनाहरुको हामी तीव्र निन्दा तथा भत्र्सना गर्दछौं । सो क्रममा दुखद निधन भएका सविन महर्जन र पत्रकार सुरेश रजक निर्दोष नागरिक थिए । उनीहरुको असामयिक मृत्यु राज्य र प्रदर्शनकारीको गैरजिम्मेवार र अराजक टकरावको दुःखद परिणाम हो भन्ने हाम्रो ठहर छ । हामी मृतकप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति समवेदना व्यक्त गर्दछौं । साथै, त्यो दिनका सबै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै यथोचित उपचारको प्रबन्ध गर्न सरकारसँग जोडदार माग गर्दछौं ।

उप्त दिनको घटनाबारे कथित राजावादी प्रर्दशनकारीले राज्यलाई र सत्ताधारी दलहरुले प्रदर्शनकारीलाई दोष लगाइरहेका छन । तर, दुबैका भनाई र दाबी विश्वासनीय छैनन् । दुबै आआफ्नो ठाउँमा जिम्मेबार देखिन्छन ।

प्रदर्शनकारी नेतृत्वले सुनियोजित तबरले स्थितिलाई अराजक, उत्तेजक र ध्वंसात्मक बनाएर क्षणिक चर्चा बटुल्न तथा छुद्र राजनीतिक लाभ लिन खोजेको देखिन्छ भने  सरकारले सुरक्षा प्रबन्धनमा गम्भीर गल्ती गरेको प्रष्ट छ ।

जुनसुकै वाद र विचारधाराका मानिसले लोकतन्त्रमा शान्तिपूर्ण प्रदर्शन गर्न पाउने विश्वव्यापी मान्यताअनुरुप सुरक्षा व्यवस्थ गर्नु सरकारको कर्तव्य हुन्थ्यो । सरकार यो कर्तव्यमा चुकेको छ । साथै, प्रदर्शनकारीहरुले संयमित र शान्तिपूर्ण वातावरण बनाउनु पर्नेमा नियोजितरुपमा उत्तेजित, अराजक र बिध्यांत्मक बनाएको देखिन्छ ।

चैत्र १५ गतेको हिंसा, तोडफोड, आगजनी र लुटपाट किन र कसरी भयो ? यसका सहभागी र योजनाकार को को हुन ? सरकारले किन स्थितिको उपयुक्त आकलन गर्न र तदनुरुप सुरक्षा प्रबन्ध गर्न सकेन ? निर्दोष नागरिक र स्थानीय बासिन्दाका घरआवास, सरकारी भवन, राजनीतिक दलका कार्यालय, व्यावसायिक भवन, सवारी सधानलाई किन क्षति पुर्याईयो ?

सरकार र प्रदर्शनकारी कहाँ चुके र दोषी को हुन् ? यि प्रश्नहरुको जवाफ खोज्नु आम नागरिकको अधिकार हो । अतः हामी समग्र परिस्थितिको निष्पक्ष, स्वतन्त्र र तटस्थ छानविन गर्न न्यायिक आयोग गठन गरियोस् भन्ने माग गर्दछौं । आयोगको प्रतिवेदनअनुसार दोषीलाई यथोचित कार्वाही र नागरिक क्षतिको क्षतिपूर्ति दिइयोस् । उप्रान्त लोकतन्त्र र नागरिक अधिकारलाई कहीँ कतैबाट पनि कुण्ठित गर्ने प्रयत्न नहोस् ।

३. आज कथित र कृत्रिम रुपमा ‘प्रतिगामी’ र ‘यथास्थितिवादी’ शक्ति र दलहरु बीच राजनीतिक ध्रुविकरण गर्न गराउन खोजिदैछ, यो दूर्भाग्यपूर्ण छ । यथार्थमा यी दुबै प्रवृति आजका समस्याका समाधान होईनन, बरु आफैम शासकीय समस्या हुन् । आजका समस्याको समाधान न राजतन्त्र हो न दलतन्त्र, नेतातन्त्र, गुटतन्त्र, अल्पतन्त्र वा सिन्डिकेटतन्त्र। वास्तविक समाधान ‘नागरिकतन्त्र’ अर्थात् ‘उन्नत लोकतन्त्र’ हो । लोकतन्त्रलाई अझ ब्यापक, गहिरो, उन्नत र समावेशी नबनाई हामी बिद्यमान संकटहरुलाई समाधान गर्न, आम निरासालाई चिर्न र उज्यालो भष्यितर्फ अगाडि बढ्न किमार्थ सक्ने छैनौं ।

तर आज एकातिर सत्तारुढ तथा विपक्षी दलहरु यथास्थितिवादको प्रतिनिधित्व गरिरहेका छन भने, अर्कोतिर राजावादीहरु लोकतन्त्रलाई समाप्त गरी प्रतिगमन गर्न, समाज र राज्य व्यवस्थालाई पछाडि फर्काउन चाहान्छन् । एकातिर दल र नेताहरुले गु ुट र अल्पतन्त्रको व्यूहरचना गरी राज्यशक्ति र स्रोतको दोहन गरिरहेका छन् । परिणामतः, नागरिकमा असन्तुष्टि, आक्रोश र निरासा बढ्दो छ । र, अर्कोतिर प्रतिगामी निरंकुशतावादी तत्वहरु त्यही नागरिक असन्तुष्टिको दुरुपयोग गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै चुनौति दिँदै अधिनायकवादी राजसंस्था पुनस्र्थापनाको दुस्वप्न देखिरहेका छन् ।

अतः विद्यमान यथास्थितिवाद र प्रतिगमनको चक्रब्युह तोडेर लोकतन्त्रलाई सबल, गहिरो र बिस्तारित गर्नु नै आजका लागि हरेक नागरिकको मुख्य अभिष्ट र जिम्मेवारी भएको छ ।

यो अर्थमा, हामी सार्वभौम नागरिक ‘प्रतिगामी’ र ‘यथास्थितिवादी’ दुबै खाले भ्रमबाट मुक्त भई ‘अग्रगामी सुधार’ र ‘उन्नत लोकतन्त्र’ को तेस्रो बिकल्पमा अग्रसर र एकताबद्ध हुन आवश्यक छ । यसका लागि बृहत्त नागरिक आन्दोलनको पहलकदमी र सहकार्यका लागि आआफ्नो ठाउँबाट कृयाशील हुन हामी सबैमा हार्दिक अपिल गर्दछौं ।

प्रशान्त सिंह

प्रवक्ता